# आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति
# (सारांश)

## पृष्ठभूमि

१. यस बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रावधान अनुरुप आर्थिक वर्ष २०५९/६० देखि वार्षिक रूपमा मौद्रिक नीति तर्जुमा गरी सार्वजनिक गर्दै आएको छ । गत वर्षको मौद्रिक नीति २०६७ साउन १२ गते र त्यसको मध्यावधि समीक्षा २०६७ फागुन १९ गते सार्वजनिक गरिएको सर्वविदित नै छ ।

२. पछिल्ला केही वर्षहरूझैं आर्थिक वर्ष २०६७/६८ मा पनि आर्थिक वृद्धिदर न्यून नै रहेको अनुमान छ । मुद्रास्फीतिदर माथिल्लो एक अंकमा कायम रहेको अनुमान छ भने शोधनान्तर घाटामा क्रमिक सुधार हुँदै गएको अवस्था छ ।

३. मुद्रास्फीति नियन्त्रण, भुक्तानी सन्तुलन, मौद्रिक तरलता व्यवस्थापन तथा वित्तीय स्थायित्व कायम गर्ने जस्ता अवस्थाबीच मौद्रिक नीति व्यवस्थापन गर्नुपर्ने चुनौती छ । नेपाल सरकारको आर्थिक वर्ष २०६८/६९ को बजेट मार्फत् केन्द्रीय बैंकबाट अपेक्षा गरिएका कार्यक्रमहरूलाई पनि यो मौद्रिक नीतिले समेट्नु परेको छ । यिनै विषयहरूमा केन्द्रित रहेर यस आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक जानकारीको लागि प्रस्तुत गरिएको छ । यो मौद्रिक नीति तयार गर्दा सम्बद्ध सरोकारवालाहरूसँगको अन्तरक्रियाबाट आएका सुझावहरूलाई यथासक्य समावेश गरिएको छ ।

## आन्तरिक आर्थिक स्थिति

### गार्हस्थ्य उत्पादन तथा मूल्य स्थिति

४. केन्द्रीय तथ्यांक विभागले आर्थिक वर्ष २०६७/६८ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत मात्र रहेको प्रारम्भिक अनुमान गरेको छ । कुल गार्हस्थ्य उत्पादनमध्ये कृषि क्षेत्रको उत्पादन ४.१ प्रतिशतले वृद्धि भएको अनुमान छ भने उद्योग क्षेत्रको उत्पादन वृद्धिदर १.४ प्रतिशत र सेवा क्षेत्रको उत्पादन वृद्धिदर ३.६ प्रतिशतमा सीमित रहन गएको अनुमान छ । आर्थिक वर्षको पछिल्ला महिनाहरूमा भएका आर्थिक क्रियाकलापको विस्तारबाट यो बृद्धि दर प्रारम्भिक अनुमान भन्दा केही उच्च हुने अनुमानछ ।

५. आर्थिक वर्ष २०६७/६८ मा औसत वार्षिक मूल्य वृद्धिदर अघिल्लो वर्षको हाराहारीमा अर्थात् ९.६ प्रतिशत रहन गएको अनुमान छ । २०६८ जेठ महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य वृद्धिदर ८.८ प्रतिशत रहेको छ । वार्षिक विन्दुगत मूल्य वृद्धिदर खाद्य तथा पेय पदार्थ समूहको १४.३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको ४.३ प्रतिशत रहेको छ । मुद्राप्रदायको विस्तार ज्यादै सीमित रहँदा-रहँदै मूल्य वृद्धिदर अपेक्षाकृत भन्दा उच्च कायम रहनुले मुद्रास्फीति मौद्रिक नभई

संरचनात्मक कारकहरूबाट प्रभावित रहेको स्पष्ट हुन्छ । खासगरी आपूर्ति पक्ष कमजोर रही खाद्य वस्तुहरूको मूल्य वृद्धि उच्च रहेकोले समग्र मुद्रास्फीति दरमा अपेक्षित सुधार हुन नसकेको हो ।

**सरकारी वित्त**

६. आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १२.५ प्रतिशतले वृद्धि भई रू. २१२ अर्ब १८ करोड पुगेको छ । त्यसैगरी नेपाल सरकारको राजस्व संकलन १४.५ प्रतिशतले वृद्धि भई रू. १७५ अर्ब ८६ करोड पुगेको छ । समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसंग रू. १४ अर्ब ३० करोड नगद मौज्दात कायम रहेको देखिएतापनि बाह्रौ महिनामा तीव्र रूपमा भएको खर्चको निकासाले गर्दा नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट यो वर्ष रू. ५ अर्ब भन्दा बढी अधिविकर्ष लिएको प्रारम्भिक अनुमान छ ।

**वाह्य क्षेत्र**

७. आर्थिक वर्ष २०६७/६८ को दश महिनामा रू. ११ अर्ब ६७ करोडको शोधनान्तर घाटा रहेकोमा पछिल्ला महिनाहरूमा वित्तीय खातामा उल्लेख सुधार भएकाले शोधनान्तर स्थितिमा क्रमशः सुधार हुँदै गएको छ । यो आर्थिक वर्षको अन्त्यसम्ममा रू. १ अर्बको हाराहारीमा शोधनान्तर बचतमा रहेको प्रारमिभक अनुमान छ । २०६८ असार मसान्तमा विदेशी विनिमय संचिति गत वर्षको रू.२६८ अर्वको तुलनामा सीमान्त वृद्धि भई रू. २७० अर्बको हाराहारीमा रहेको अनुमान छ ।

८. आर्थिक वर्ष २०६७/६८ को दश महिनामा विप्रेषण १०.८ प्रतिशतले वृद्धि भई रू. २०६ अर्ब ६६ करोड पुगेको छ । अमेरिकी डलरमा गणना गर्दा विप्रेषण आप्रवाह १४.१ प्रतिशतले वृद्धि भएको छ ।

९. आर्थिक वर्ष २०६७/६८ को एघार महिना सम्ममा कुल वस्तु निर्यात ५.६ प्रतिशतले वृद्धि भएको छ भने कुल वस्तु आयात ५.७ प्रतिशतले वृद्धि भएको छ

१०. विदेशी विनिमय संचितिको विद्यमान स्तरबाट करिब ८ महिनाको वस्तु आयात र करिब ७ महिनाको वस्तु तथा सेवा आयात धान्न सकिने अवस्था रहेको छ ।

**वित्तीय बजार**

११. २०६७ चैत मसान्तसम्ममा ३१ वाणिज्य बैंक, ८७ विकास बैंक, ८० वित्त कम्पनी र २१ लघुवित्त विकास बैंक गरी बैंक तथा वित्तीय संस्थाहरूको संख्या २१९ पुगेको छ ।

१२. बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा अनुपात २०६७ चैत महिनामा सीमान्त वृद्धि भई ३.४ प्रतिशत पुगेको छ । कर्जालगानीको गुणस्तरमा थप ह्रास आउन नदिन व्यक्तिगत आवासीय घरकर्जाको सीमा वृद्धि, रियलस्टेट कर्जाको नवीकरण तथा मार्जिन प्रकृतिको कर्जामा केही लचिलो व्यवस्थाहरु समेत गरिसकिएको छ ।

१३. दुर्गम क्षेत्रमा बैंक शाखा संचालनका लागि निर्व्याजी संचालन पूँजी उपलब्ध गराउन थालेपछि क्रमिक सुधार हुन थालेपनि पर्याप्त वित्तीय सेवा पुग्न सकेको अवस्था छैन ।

१४. नेप्से परिसूचक २०६८ जेठ मसान्तमा आर्थिक वर्ष २०६७/६८ को सबैभन्दा न्यूनतम विन्दु अर्थात् २९७.६ मा कायम रहेको थियो भने पछिल्ला समयमा चालिएका कदम स्वरुप सो परिसूचकमा सुधार भई २०६८ असार मसान्तमा ३६२.५ पुगेको छ ।

## मौद्रिक व्यवस्थापन

१५. मौद्रिक योगाङ्कहरू सीमाभित्र रहेपनि मूल्य र शोधनान्तरको लक्ष्य हासिल नहुँदा समष्टिगत आर्थिक नीतिमा थप सुधार गर्नु पर्ने देखिएको छ । आर्थिक वर्ष २०६७/६८ को पहिलो दश महिनामा विस्तृत मुद्राप्रदाय ३.७ प्रतिशतले मात्र वृद्धि भएको छ । विकास बैंक तथा वित्त कम्पनीहरू समेतको विस्तृत मौद्रिक सर्वेक्षण अनुसार विस्तृत मुद्राप्रदाय ७.३ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०६७/६८ मा कुल आन्तरिक कर्जा १५.० प्रतिशतले बढ्ने प्रक्षेपण गरिएकोमा ११.४ प्रतिशतले मात्र वृद्धि भएको संशोधित अनुमान छ । बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ८.२ प्रतिशतले वृद्धि भई रू. ७८८ अर्ब ७२ करोड पुगेको छ ।

१६. आर्थिक वर्ष २०६७/६८ को दश महिनासम्ममा वाणिज्य बैंकहरूको निक्षेप परिचालन ३.८ प्रतिशतले वृद्धि भएको छ । कर्जा तथा लगानीको वृद्धिदर १०.६ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर ११.६ प्रतिशत रहेको छ ।

१७. त्यस्तै, विकास बैंक र वित्त कम्पनीको निक्षेप परिचालन क्रमशः १६.६ प्रतिशत र १३.५ प्रतिशतले र निजी क्षेत्रतर्फ प्रवाह गरेको कर्जा क्रमशः २९.३ प्रतिशत र १५.९ प्रतिशतले वृद्धि भएको छ ।

१८. बैंकहरूको क्षेत्रगत कर्जाको वितरणलाई हेर्दा आर्थिक वर्ष २०६७/६८ को वैशाखसम्ममा कृषि क्षेत्रतर्फको कर्जाको अंश करिब ३ प्रतिशत मात्र रहेबाट यस क्षेत्रतर्फको कर्जा प्रवाह बढाउन थप प्रयास गर्नु पर्ने देखिएको छ ।

## वित्तीय स्थायित्व र तरलता व्यवस्थापन

१९. कतिपय संरचनात्मक एवम् संचालन सम्बन्धी कारणहरुले गर्दा केही वित्तीय संस्थाहरूमा तरलता व्यवस्थापनमा समस्या देखिएकोमा ती समस्याहरू क्रमशः हल हुने क्रममा छन् ।

२०. खुला बजार कारोवारको संचालन, अन्तिम ऋणदाता सुविधा, तरलता व्यवस्थापनको लागि पुनरकर्जा सुविधा र स्थायी तरलता सुविधाको माध्यमबाट तरलताको आपूर्तिका अतिरिक्त सम्पत्ति र दायित्वको संरचनामा तालमेल नमिलेको कारणवबाट उत्पन्न हुन सक्ने संरचनागत तरलता सम्बन्धी समस्यालाई सम्वोधन गर्न वृहत विवेकशील नियमनका उपायहरू पनि कार्यान्वयनमा ल्याइएका छन् ।

२१. यस बैंकबाट उपलब्ध हुँदै आएको अल्पकालीन स्थायी तरलता सुविधा अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा कुल रू. २१६ अर्ब ६७ करोड उपयोग भई रू. ३१ करोड बक्यौता रहेको छ ।

२२. अन्तर-बैंक कारोवारमार्फत् तरलता व्यवस्थापनलाई थप सहजीकरण नयाँ व्यवस्था समेत गरिएको छ । हाल अन्तर बैंक व्याजदर ५ प्रतिशतको हाराहारीमा छ ।

२३. आर्थिक वर्ष २०६७/६८ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २ अर्ब ४२ करोड खुद खरिद गरी रू. १७४ अर्ब ६६ करोड बराबरको तरलता प्रवाह गरेको छ भने अमेरिकी डलर २ अर्ब ७४ करोड बिक्रीबाट भा.रू. १२३ अर्ब ८४ करोड खरिद भएको छ ।

२४. संरचनागत तरलता समस्यामा परेको संस्थालाई यस बैंकले असल कर्जाको धितोमा अन्तिम ऋणदाता सुविधा उपलव्ध गराएको छ । त्यसैगरी, तरलता व्यवस्थापनको समस्यामा परेका संस्थाहरूको लागि असल कर्जाको धितोमा ८० प्रतिशतसम्म पुनरकर्जा पाउने गरी १२०-दिने "तरलता व्यवस्थापनको लागि पुनरकर्जा सुविधा" को व्यवस्था गरिएको छ । यस सुविधा अन्तर्गत २०६८ असार मसान्तसम्ममा ३ विकास बैंक र १३ वित्त कम्पनीलाई रू. ७८ करोड ८७ लाख सापटी सुविधा उपलव्ध गराइएको छ । तरलताको व्यवस्थापनका लागि आवेदन गर्ने क्रम हाल निकै कम भएको छ ।

२५. २०६७/६८ असार मसान्तसम्म असल कर्जाको धितोमा उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउन बैंक तथा वित्तीय संस्थाहरूलाई रू. ५ अर्ब ३८ करोडको सामान्य पुनरकर्जा सुविधा प्रदान गरिएकोमा रू. ३ अर्ब ५९ करोड बक्यौता रहेको छ । यस अवधिमा ९ वाणिज्य बैंक, ७ विकास बैंक र १ वित्त कम्पनीले उक्त सुविधा उपयोग गरेका छन् ।

## आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम

२६. राष्ट्रिय अर्थतन्त्रको परिदृश्य र अन्तर्राष्ट्रिय आर्थिक जगतमा विकसित घटनाक्रमहरूले नेपाली अर्थतन्त्रमा पार्न सक्ने प्रभाव समेतको विश्लेषणको आधारमा आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको कार्यदिशा, कार्यक्रम र मौद्रिक उपकरणको चयन गरिएको छ । समष्टिगत आर्थिक स्थायित्व हासिल गर्दै त्रिवर्षीय योजनाले परिलक्षित गरेको आर्थिक वृद्धिदर हासिल गर्न टेवा पुर्‍याउने रणनीति मौद्रिक नीतिले लिएको छ ।

### मौद्रिक नीतिको कार्यदिशा

२७. मुद्रास्फीतिदर अपेक्षाकृत भन्दा उच्च विन्दुमा कायमै रहेको, उत्पादकत्वमा सुधार हुन नसकेको र लगानी वातावरण कमजोर रहेको पृष्ठभूमिमा मौद्रिक तथा कर्जा योगाङ्क र व्याजदरलाई सन्तुलित स्तरमा राख्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्नु परेको छ ।

२८. मौद्रिक विस्तारबाट उपभोग्य आयात बढ्न गई आर्थिक वृद्धि, बचत र तरलताको स्थितिमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी मौद्रिक नीतिको सन्तुलित कार्यदिशा तय गरिएको छ ।

२९. वित्तीय स्थायित्वको उद्देश्य हासिल गर्न वित्तीय संस्थाहरूमा देखिने कमजोरीहरूलाई समयमै सम्बोधन गर्न आवश्यक कार्यहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेतर्फ मौद्रिक नीतिलाई निर्देशित गरिएको छ ।

३०. बैंकिङ्ग कर्जाको क्षेत्रगत वितरण सन्तोषजनक रहन नसकेको र अनुत्पादक क्षेत्रतर्फको कर्जा निरूत्साहित गर्दै उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउन सोही अनुरुप

मौद्रिक नीतिको कार्यदिशा तय गर्न मौद्रिक सहजताको सामान्य उपकरणहरूमा भन्दा पनि क्षेत्रगत कर्जामुखी उपकरणहरूमा जोड दिने नीति लिइएको छ ।

**आर्थिक तथा मौद्रिक लक्ष्य**

३१. आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको मुख्य लक्ष्यहरू मुद्राप्रदायको अधिक विस्तारबाट मुद्रास्फीति हुन नदिने, भुक्तानी सन्तुलन कायम गर्ने र वित्तीय स्थायित्व कायम गर्दै आर्थिक वृद्धिमा टेवा पुऱ्याउने रहेका छन् ।

३२. वार्षिक औसत मूल्य वृद्धिदर ७ प्रतिशतमा राख्ने लक्ष्य निर्धारण गरिएको छ ।

३३. कम्तिमा ६ महिनाको वस्तु तथा सेवा आयात धान्न आवश्यक विदेशी विनिमय संचिति कायम गर्ने र रू. ५ अर्बको हाराहारीमा शोधनान्तर बचत हासिल हुने प्रक्षेपण गरिएको छ ।

३४. ५ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सहज हुने गरी आवश्यक मौद्रिक व्यवस्थापन गरिने र यस अनुरुप विस्तृत मुद्रा प्रदायको वृद्धिदर १२.५ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

३५. कुल आन्तरिक कर्जा १३.७ प्रतिशतले, वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १४.० प्रतिशतले, सरकारतर्फ प्रवाह हुने कर्जा १२.१ प्रतिशतले र वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

**मौद्रिक नीति संचालनका उपकरण**

३६. मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा रहेको खुला बजार कारोबार र यसको विद्यमान संचालन विधिलाई निरन्तरता दिइनेछ ।

३७. उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको लागि थप साधन उपलब्ध गराउने उद्देश्यले प्रचलित ५.५ प्रतिशतको अनिवार्य नगद अनुपातमा ०.५ प्रतिशत विन्दुले कटौती गरी ५.० प्रतिशत कायम गरिएको छ । यसबाट बैंकिङ्ग प्रणालीमा करिव रू. ४ अर्ब बराबरको थप तरलता प्रवाह हुने अनुमान छ ।

३८. विद्यमान अवस्थामा वित्तीय संस्थाहरूको तरलतालाई सहज अवस्थामा कायम राखी राख्न वैधानिक तरलता अनुपात सम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ ।

३९. बैंक दर, सामान्य पुनरकर्जा सुविधा, अन्तिम ऋणदाता सुविधा, स्थायी तरलता सुविधा, विशेष पुनरकर्जादर यथावत राखी तरलता व्यवस्थापनको लागि प्रदान गरिने पुनरकर्जा सुविधालाई भने क्रमशः परिमार्जन गर्दै लगिनेछ ।

## लघुवित्त तथा वित्तीय पहुँच

४०. लघुवित्त संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि नियामक निकायको रूपमा लघुवित्त प्राधिकरण स्थापना गर्ने कार्यलाई शीघ्र अगाडि बढाइनेछ । एउटा स्वायत्त लघुवित्त कोषको स्थापना गर्ने कार्य समेत अगाडि बढाइनेछ ।

४१. सुदूर पश्चिम तथा मध्य-पश्चिमका पहाडी क्षेत्रमा वित्तीय सेवाको पहुँच अत्यन्तै कमजोर रहेको सन्दर्भमा एक अध्ययन गरी प्राप्त सुझावहरूका आधारमा वित्तीय पहुँच बढाउने कार्य अघि बढाइनेछ ।

४२. वित्तीय सेवाको पहुँच कम भएका तोकिएका ९ जिल्लामा "घ" वर्गका वित्तीय संस्थाले शाखा खोली वित्तीय सेवाको कार्यक्रम संचालन गरेमा यस बैंकबाट सम्बन्धित संस्थाको पूँजी क्षमता हेरी नयाँ शाखा संचालनका लागि रू. १५ लाखसम्म निश्चित समयका लागि शून्य व्याजदरमा सापटी उपलब्ध गराइनेछ ।

४३. विपन्न वर्गमा कर्जा लगानी गर्नुपर्ने विद्यमान अनुपातलाई ०.५ प्रतिशत विन्दुले वृद्धि गरिएको छ । यो अनुपातलाई आगामी ३ वर्षसम्म क्रमश: ०.५ प्रतिशत विन्दुका दरले वृद्धि गरिनेछ ।

४४. माध्यमिक तथा उच्च माध्यमिक तह सरहको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि विपन्न परिवारका युवाहरूलाई बिना धितोमा प्रवाह हुने रू. २ लाखसम्मको विपन्न वर्ग कर्जाको सुरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

४५. वित्तीय सेवाको पहुँच कम भएका क्षेत्रहरूलाई प्राथमिकता दिई दोहोरपना नहुने गरी "घ" वर्गका वित्तीय संस्थाहरूलाई इजाजत दिने व्यवस्था मिलाइनेछ ।

४६. दुर्गम जिल्लामा शाखा खोलेमा यस बैंकबाट निर्व्याजी रकम निश्चित अवधिको लागि सापटीको रूपमा उपलब्ध गराउने व्यवस्थामा आवश्यक परिमार्जन गरिनेछ । साथै, बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका तोकिएका स्थानहरूमा कम्तीमा एक शाखा र अन्यत्र एक शाखा गरी दुईवटा शाखा खोली संचालनमा ल्याए पश्चात् मात्र काठमाडौं उपत्यकाभित्र शाखा खोल्न पाउने नीतिगत व्यवस्थालाई निरन्तरता दिइएको छ । यो प्रावधान अन्तर्गत वित्त कम्पनीले शाखा खोल्न चाहेमा अतिरिक्त पूँजी नचाहिने व्यवस्था गरिएको छ ।

४७. रू. २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था भइरहेकोमा यो व्यवस्थालाई वाणिज्य बैंकमा पनि लागू गरिनुका साथै सुरक्षण सीमालाई क्रमश: बढाउँदै लगिनेछ ।

४८. आर्थिक वर्ष २०६७/६८ मा प्रारम्भिक कार्य शुरु गरिएको ग्रामीण कर्जा सर्वेक्षण कार्यलाई आर्थिक वर्ष २०६८/६९ मा अघि बढाइनेछ ।

४९. विपन्न वर्ग कर्जा सम्बन्धी तथा वित्तीय सेवा पहुंच सम्बन्धी अन्य व्यवस्थाहरु यथावत राखिएका छन् ।

## वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण

५०. विगत केही वर्षदेखि कार्यान्वयनमा ल्याइएको वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिइनेछ ।

५१. पूँजीकोष सम्वन्धी नयाँ मापदण्ड वासेल द्वितीय (BASEL II) "ख" वर्गका वित्तीय संस्थाको हकमा पनि २०६७/६८ देखि समानान्तर रूपमा लागू गरिएकोमा यस कार्यलाई आगामी दिनहरूमा थप प्रभावकारी बनाइनेछ । साथै, बैंकिङ्ग व्यवसायमा निहित जोखिम अनुसार पूँजी व्यवस्थापनलाई थप सुदृढीकरण गर्न आन्तरिक पूँजी

पर्याप्तता मूल्याँकन प्रकृया (Internal Capital Adequacy Assessment Process – ICAAP) सम्बन्धी निर्देशिका तयार गरी लागू गरिने छ ।

५२. प्रत्येक आर्थिक वर्षभित्रमा सबै वित्तीय संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न गर्न निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यसका लागि सुपरिवेक्षकीय विभागहरूको थप सुदृढीकरण गरिनेछ ।

५३. जोखिममा आधारित सुपरिवेक्षण मार्गदर्शनलाई कार्यान्वयनमा ल्याई सोही अनुरुपको सुपरिवेक्षण पद्धतितर्फ उन्मुख गरिने छ । यसलाई थप प्रभावकारी बनाउन विद्यमान विनियमावलीमा आवश्यक सुधार गरिनुका साथै, सुपरिवेक्षकीय क्षमता अभिवृद्धिका लागि जनशक्ति व्यवस्थापन तथा विभागीय पुनरसंरचनाको कार्य गरिनेछ ।

५४. नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्ने क्रममा अन्तर्राष्ट्रिय परामर्शदाताबाट आवश्यक सहयोग लिई यसको प्रभावकारी कार्यान्वयन गर्ने कार्य सुरु गरिसकिएको छ । प्रभावकारी सुपरिवेक्षणको लागि सूचना व्यवस्थापन प्रणाली तथा यान्त्रिकीकरणमा विशेष जोड दिइनेछ ।

५५. पूर्व-सचेतता प्रणाली (Early Warning System) लाई अझ बढी प्रभावकारी बनाउँदै लगिने छ । सम्भावित जोखिम पहिचान तथा व्यवस्थापन प्रणाली विकास गरी वित्तीय प्रणालीमा अकस्मात आउन सक्ने संकटलाई समयमै सम्वोधन गर्न आकस्मिक योजना (Contingency Plan) तयार गरिनेछ । संकट व्यवस्थापन (Crisis Management) का चरणबद्ध कार्यहरू निर्धारण गरी सो सहितको समस्यामूलक बैंक पुनरूत्थान संरचना (Bank Resolution Framework) तयार गरिनेछ ।

५६. दवाव परीक्षण (Stress Test) अन्तर्गत नमूना परीक्षणको कार्य सम्पन्न भइसकेको छ । बैंकहरू स्वयंले आफ्नो दवाव परीक्षण गर्न सक्ने गरी आवश्यक मार्गदर्शन जारी गरिनेछ । तरलता व्यवस्थापनको लागि अग्र-दृष्टिकोण सम्बन्धी विश्लेषण (Forward Looking Analysis) क्षमतालाई सहयोग पुऱ्याउन संस्थागत (Institution-wise) तरलता अनुगमन संरचना (Liquidity Monitoring Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

५७. निरीक्षण तथा सुपरीवेक्षणको क्रममा देखिएका कमी-कमजोरीलाई तुरून्त सुधार गरी वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता निरन्तर कायम राख्न शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को कार्यान्वयन एवं अनुगमनको प्रक्रियालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

५८. वित्तीय सुदृढीकरण प्रवर्द्धन गर्नेतर्फ नीतिगत प्रयास गरिनेछ । वित्तीय सेवाको पहुँच कम रहेको ग्रामीण क्षेत्रहरूलाई कार्यक्षेत्र कायम गरी छनौटपूर्ण इजाजतपत्र सम्बन्धी नीति अख्तियार गरिनेछ ।

५९. इजाजतपत्रको प्रक्रिया अन्तर्गत संस्थापकहरू परिवर्तन गर्ने र शेयर पूँजी स्वामित्व संरचना थपघट तथा परिवर्तन गर्ने प्रवृत्ति बढ्दै गएको देखिएबाट विद्यमान नीतिगत व्यवस्थामा समयसापेक्ष पुनरावलोकन गरिनेछ ।

६०. संस्थापक शेयरधनीको योग्यता मूल्याङ्कन गर्ने प्रणालीमा आवश्यक सुधार गरिनेछ ।

६१. बैंक तथा वित्तीय संस्थाहरूलाई एकआपसमा गाभ्ने तथा गाभिने कार्यमा प्रोत्साहित गरी संस्थागत सुशासन, स्वच्छ प्रतिस्पर्धा र वित्तीय सुदृढीकरणमार्फत् वित्तीय स्थायित्वलाई प्रभावकारी बनाइनेछ । यस सम्बन्धमा आवश्यक विनियमावली जारी भइसकेको छ भने नेपाल सरकारले यसलाई प्रोत्साहन गर्न यस बैंकको सिफारिसमा रजिष्ट्रेशन शुल्कमा छुट दिने व्यवस्था समेत गरिसकेको विदितै छ ।

६२. वित्तीय अनुशासन प्रवर्द्धनका लागि संस्थागत सुशासन, निर्देशनको पालना तथा संस्था अनुगमन सम्बन्धी व्यवस्थालाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यस पक्षमा सुधार गर्न बैंक तथा वित्तीय संस्थाका संचालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा आफ्नो परिवारको स्वामित्व वा नियन्त्रणमा रहेको फर्म-कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण अद्यावधिक गरी राख्ने व्यवस्था मिलाइनेछ ।

६३. बहु-बैंकिङ्ग घोषणा गराउनु पर्ने व्यवस्थालाई थप प्रभावकारी बनाई बहु-बैंकिङ्ग कारोवारबाट कर्जाको जोखिम बढ्न नदिन आवश्यक व्यवस्था गरिनेछ ।

६४. ऋण असुली न्यायाधिकरण तथा कर्जा सूचना केन्द्र लि. को सुदृढीकरण गर्ने कार्यलाई कार्यान्वयन गर्दै लगिनेछ । निष्कृय कर्जामा सुधार ल्याउन निजी क्षेत्रको सहभागितामा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

६५. नियतवश ऋण नतिर्ने ऋणीहरूको राहदानी जफत लगायतका अन्य कारवाहीलाई थप प्रभावकारी बनाइने छ । तोकिएको क्षेत्रमा लगानी नगर्ने, कर्जा लिनका लागि व्यवसाय दर्ता गर्ने र त्यसका आधारमा कर्जा लिई नियतवस ऋण नतिर्ने ऋणीहरूलाई समेत नेपाल सरकारसँग आवश्यक समन्वय गरी कानूनको दायरामा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

६६. जलविद्युत उत्पादन परियोजनामा कर्जा प्रवाह बढ्न सकोस् भन्ने उद्देश्यले पुनरकर्जा सम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गरिनेछ ।

६७. व्यक्तिगत अधिविकर्ष कर्जालाई सीमावद्ध तथा नियमित एवं नियन्त्रित गर्न आवश्यक व्यवस्था गरिनेछ ।

६८. तोकिएका उत्पादनशील क्षेत्रमा तीन वर्षभित्र औसत कर्जा लगानी तोकिएको अनुपातमा पुर्‍याउनु पर्ने व्यवस्था अनुरुप पेश गरिएको कार्य-योजनाको कार्यान्वयनलाई प्रभावकारी रूपमा अनुगमन गरिनेछ ।

६९. म्यूचुअल फण्ड कारोवार गर्न वाणिज्य बैंकहरूलाई प्रोत्साहन गरिनेछ ।

७०. सुरक्षित कारोवार ऐन, २०६३ अन्तर्गत छुट्टै सुरक्षित कारोबार दर्ता कार्यालय स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सहयोग पुर्‍याइनेछ ।

७१. आधुनिक केन्द्रीय बैंकको अवधारणा अनुरुप नोट नष्ट गर्ने कार्यलाई वातावरण-मैत्री बनाउन Currency Verification and Processing System (CVPS) तथा Shredding and Briquetting System (SBS) लागू गर्ने कार्यलाई अघि बढाइनेछ ।

७२. सफा नोट चलनचल्तीमा ल्याउने नीतिलाई निरन्तरता दिइनेछ । नेपाली मुद्राको आपूर्ति व्यवस्थालाई सहज र सरल तुल्याउन तोडा चलान कार्यलाई सशक्त बनाई

नोटकोष कारोवार प्रक्रियालाई आधुनिकीकरण गर्दै यो सुविधालाई विस्तार गर्दै लगिनेछ ।

७३. यस आर्थिक वर्ष २०६८/६९ भित्र विस्तृत मौद्रिक सर्वेक्षण सार्वजनिक जानकारीको लागि नियमित रूपमा प्रकाशनमा ल्याइनेछ ।

७४. तथ्याङ्क संकलन, प्रशोधन तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यलाई छिटोछरितो र भरपर्दो बनाउन नयाँ Software खरिद/विकास गरी Online प्रणाली मार्फत एकीकृत रूपमा वित्तीय तथ्याङ्क संकलन गर्ने कार्यको थालनी गरिने छ ।

**विदेशी विनिमय व्यवस्थापन**

७५. जलविद्युतसँग सम्बन्धित परियोजनामा विदेशी मुद्रामा कर्जा उपलब्ध गराउन र यस बैंकबाट स्वीकृति प्राप्त गरी विदेशी मुद्रामा जारी भएका विभिन्न उपकरणहरूमा समेत लगानी गर्न सक्ने व्यवस्था गरिनेछ ।

७६. राहदानी बापतको विद्यमान सटही सुविधामा वृद्धि गरी एकपटकमा अधिकतम अमेरिकी डलर २,५०० सम्म र एक आर्थिक वर्षमा अधिकतम अमेरिकी डलर ५,००० लिन पाउने व्यवस्था गरिनेछ ।

७७. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न सकिने वस्तुहरूको सूचीमा औचित्यताका आधारमा थप वस्तुहरू समावेश गर्दै लगिनेछ ।

७८. गैर-आवासीय नेपालीलाई परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने व्यवस्था मिलाइनेछ । विदेशमा खाता खोल्नु पर्ने आवश्यकता पर्ने व्यक्ति, संघ-संस्था आदिले विदेशमा खाता खोल्ने र संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।

७९. वाणिज्य बैंकले निर्यातकर्ताको लागि जारी गर्ने अग्रिम भुक्तानी प्रमाणपत्र सुरूमा १ वर्षको लागि जारी गर्ने र जतिसुकै अवधिको भए पनि सम्बन्धित बैंक/वित्तीय संस्थाबाटै नवीकरण हुने व्यवस्था गरिनेछ ।

८०. युसेन्स प्रतीतपत्र (Usance Letter of Credit) कारोवार सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गरिनेछ ।

८१. नेपाली नागरिकले आफ्नो परिचय-पत्र सहित विदेशी मुद्रा प्राप्त भएको कारण र स्रोत उल्लेख गरी सटही गर्न ल्याएमा एकपटकमा अमेरिकी डलर १,०००।- वा सो बराबरसम्म हुने अन्य परिवर्त्य विदेशी मुद्रा इजाजत प्राप्त निकायले सटही गरिदिन सक्ने व्यवस्था गरिनेछ ।

८२. नेपाल-भुटानबीच हुने कार्ड कारोवारको हिसाव-मिलान भारतीय रूपैयाँमा समेत गर्न सकिने व्यवस्था गरिनेछ ।

**अन्त्यमा**

८३. शोधनान्तर घाटा, उच्च मूल्य वृद्धि, बैंकिङ्ग क्षेत्रमा देखापरेको तरलता अभाव तथा उच्च कर्जा-निक्षेप अनुपात, घर-जग्गा व्यवसाय तथा शेयर बजारमा आएको शिथिलता, केही वित्तीय संस्थाबाट भएको अधिक कर्जा लगानीबाट उत्पन्न तरलताको समस्या र ठूलो संख्यामा सर्वसाधारणले औपचारिक वित्तीय सेवाबाट अझै विमुख

रहनु परेको पृष्ठभूमिमा कार्यान्वयनमा ल्याइने यो मौद्रिक नीतिले उपरोक्त चुनौतीहरू समाधान गर्नेतर्फ योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । रोजगारी केन्द्रित उच्च आर्थिक वृद्धिदर बिना दिगो गरिवी निवारण सम्भव नहुने भएकोले यसका लागि अनुकूल वातावरण सृजना गर्नमा पनि प्रस्तुत मौद्रिक नीतिको जोड रहेको छ ।

८४. प्रस्तुत मौद्रिक नीतिको कार्यान्वयनबाट मुलुकको भुक्तानी असन्तुलन तथा मुद्रास्फीतिदरमा सुधार आउने, वित्तीय स्थायित्व हासिल हुने, सर्वसाधारणमा बैंकिङ्ग पहुँच अभिवृद्धि हुने र लक्षित आर्थिक वृद्धिदर हासिल गर्नमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

८५. सारांशको रुपमा यहांहरु समक्ष पेश गरिएको यो आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको पूर्ण अंश यस बैंकको वेभसाइट (www.nrb.org.np) मा राखिएको छ । यो मौद्रिक नीतिको तर्जुमामा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकाय, वित्तीय संस्थाहरू, विभिन्न व्यवसायिक संघ-संस्थाहरू, विद्वत् वर्ग, दातृ निकाय लगायत सबैलाई नेपाल राष्ट्र बैंक धन्यवाद दिन चाहन्छ । यसमा समावेश भएका नीतिगत व्यवस्था तथा कार्यक्रमहरूको कार्यान्वयनमा यहाँहरू सबैको सदाभैं सहयोग मिल्ने विश्वास बैंकले लिएको छ ।